गरीवी निवारण कोष जिल्ला इकाई कार्यालय

रुकुम

# वार्षिक प्रगती प्रतिवेदन

आ.व.२०७२/०७३



सामाजिक परिचालन



क्षमता विकास



आयआर्जन



भौतिक पूर्वाधार

# विषय सूची


१. रुकुम जिल्लामा गरीवी निवारण कोष........................................................ 4

२. गरीवी निवारण कोष कार्यक्रमका आधार स्तम्भहरु ............................................ 4

२.१ सामाजिक परिचालन........................................................................ 4

२.२ क्षमता विकास............................................................................ 6

२.२.१ सहयोगी संस्थाका कर्मचारीहरुको क्षमता विकास ............................................ 6

२.२.२ सहयोगी संस्थाको क्षमता विकास.......................................................... 6

२.३. आयअर्जन ................................................................................ 7

२.३.१ घुम्तिकोष परिचालनको स्थिती ............................................................ 8

२.४ सामुदायिक स-साना भौतिक पूर्वाधार ...................................................... 8

२.३.१ सामुदायिक भौतिक पूर्वाधार संचालन तथा मर्मत संभारको स्थिस्ती ........................... 9

३.सहयोगी संस्था .......................................................................... 9

३.१.साझेदारी संस्थामा कार्यरत जनशक्तिहरु ................................................... 10

३.२.आ.व २०७२/०७३ मा साझेदारी संस्थाहरुको बजेट ............................................ 10

४.सस्थागत विकास तथा दिगोपना.............................................................. 11

५.सामुदायिक संस्था संजाल (नेटवर्क)........................................................... 11

६.सहकारी निर्माण तथा परिचालन ............................................................. 11

७.अनुगमन तथा मूल्याङ्कन ................................................................... 12

८.पकेट क्षेत्र विकास कार्यक्रम ................................................................ 12

९.अन्य सरोकारवाला निकायहरु संग समन्वय तथा सहकार्य .......................................... 12

१०. ज्ञान व्यवस्थापन ........................................................................ 13

११.कोषको सहयोगमा जिल्लामा संचालित कार्यक्रम बाट देखिएका केहि सकारात्मक प्रयासहरु ............ 13

१२ चुनौति तथा सिकाईहरु ........................................................................................ 14

१३ आगामी योजनाहरु ............................................................................................ 15

१४.सफलताको कथाहरु............................................................................................ 15

१५.अनुसूचीहरु........................................................................................................ 17

## १. रुकुम जिल्लामा गरीवी निवारण कोष




हरियो रंगले कार्यक्रम संचालन भएका गाविसलाई जनाउदछ

नेपालको मध्ये पश्चिम अञ्चल विकासक्षेत्रको पहाडी जिल्लामा पर्ने रुकुम जिल्लाको उत्तर तर्फ डोल्पा, दक्षिण तर्फ रोल्पा, पूर्व तर्फ बागलुङ र पश्चिम तर्फ जाजरकोट जिल्लाहरु रहेका छन् । २०६८को जनगणना अनुसार कूल २,०८,५६७ (महिला ९९१५९ र पुरुष १०९४०८) जनसंख्या रहेको यो जिल्लामा ४१८५६ घरधुरी छ । ४३ गाविस (हाल २ नगरपालिका सहित ३९ गाविस) रहेको यस जिल्लामा गरीवी निवारण कोषको कार्यक्रम ३३ गाविसहरु-रुघाँ,हुकाम,सिम्ली,विजयश्वरी,चौरजहारी,पिपल,पोखरा,स्यालापाखा,साँख,खलंगा,छिवाङ,गरायला,दुली,कोल,काक्री,मोरावाङ,खोलागाउँ,तकसेरा,नुवाकोट,चुनवाङ,चौखावाङ,सिस्ने,जाङ,रन्मामैकोट,प्वाङ,पुर्तिमकाँडा,आठविसडाडा, आठविसकोट,खारा,झुला,घेत्मा,गोतामकोट र स्यालाखदीमा (हाल २ नगरपालिका सहित २९ गाविस) संचालन भईरहेको छ । गरीवी निवारण कोषको दोस्रो चरण अन्तर्गत १९ जिल्ला अन्तर्गत आ.व २०६३/०६४ देखि यस जिल्लामा कोषको कार्यक्रम संचालन हुदै आएको हो । कोषले यसै आर्थिक वर्ष २०७३/०७४ देखि बाँकी १० गाविस सहित सवै गाविस तथा नगरपालिकाहरुमा कार्यक्रम संचालन हुँदैछ ।

## २. गरीवी निवारण कोष कार्यक्रमका आधार स्तम्भहरु

गरीवी निवारण कोषले गरीव लक्षित (Traget Program), सामाजिक समावेशिकरण (Social Inclusion), मागमा आधारित (Demand based) र सिधै वित्त प्रवाह(Direct Funding) सिद्धान्तमा आधारित रहेर **सामाजिक परिचालन, क्षमता विकास, आयआर्जन तथा सामुदायिक भौतिक पूर्वाधार** जस्ता मुख्या ४ वटा विषयगत क्षेत्रहरुमा यस रुकुम जिल्लामा विगत १० वर्ष देखि काम गर्दै आईरहेको छ । हाल सम्म ९ वटा स्थानीय साझेदारी संस्थाहरु मार्फत ३३ गाविसका करिव १३ हजार गरीव घरधुरीहरुमा कोषको कार्यक्रम पुगिसकेको छ ।



### २.१ सामाजिक परिचालन

गरीवी निवारण कोष कार्यक्रमको ४ वटा आधार स्तम्भहरु मध्ये पहिलो तथा सवै भन्दा प्रभावकारी तथा महत्वपूर्ण आधार स्तम्भ सामाजिक परिचालन हो । सामाजिक परिचालन अन्तर्गत स्थानीय साझेदारी संस्थाहरुको सहजीकरणमा गरीव घरधुरी पहिचान गर्ने उनीहरुलाई सामुदायिक संस्थामा संगठित गरी क्षमता विकास गर्ने र सामुदायिक संस्थाले पहिचान गरेका आयआर्जन गतिविधि तथा साना भौतिक पूर्वाधार निर्माण गतिविधिका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने जस्ता महत्वपुर्ण कार्यहरु गरीवी निवारण कोषले गर्दै

आईरहेको छ । आ.व २०७२/०७३ मा रुकुम जिल्लामा ३ वटा सामुदायिक संस्था फिडेरेशन र ८८ वटा सामुदायिक संस्थाहरु कोषमा दर्ता भए । त्यसैगरी आ.वमा जम्मा ६१ योजनाहरु (आयआर्जन तर्फ ५८, भौतिक पूर्वाधार तर्फ ३ उप योजनाहरु) सम्झौता भई प्रथम किस्ता समेत निकासा भईसकेको छ । हाल सम्म यस जिल्लामा गठन भएका ६२६ सामुदायिक संस्थाहरु मध्ये ५७४ सामुदायिक संस्थाहरु कोषमा दर्ता भईसकेका छन भने गठन भएका बाँकी ५२ सामुदायिक संस्थाहरु दर्ता प्रकृयामा रहेका छन् । सामुदायिक संस्था तथा कोषको लगानी सम्वन्धित संक्षिप्त जानकारी निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं १ कोषले संचालन गरेको कार्यक्रमहरुको बारेमा संक्षिप्त जानकारीहरु

| शिर्षक | | संख्या र रकम | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | आ.व २०७२/०७३ | | सुरु देखि हाल सम्म | | |
| | | संख्या | रकम | संख्या | रकम | |
| सामुदायिक संस्था | सामुदायिक संस्था गठन | ६२६ | | ६२६ | | |
| | कोषमा दर्ता | ४८६ | | ५७४ | | |
| | सामुदायिक संस्था संजाल | ३० | | ३० | | |
| | सहकारी संस्था | ५ | | ५ | | |
| कोषको लगानी | सम्झौता ( आयआर्जन तथा भौतिक पूर्वाधार) | ४८४ | २९,१३,७२,५६७ | ५४५ | ३२,४०,५८,९३८ | |
| | आयआर्जन तर्फ | ४१६ | १९,७८,६२,५३६ | ४७४ | २१,५८,८०,७३१ | |
| | भौतिक पूर्वाधार तर्फ | ६८ | ९,३५१०,०३१ | ७१ | १०,५६,७८,२०७ | |
| | | | | | | |
| साझेदारी संख्या | | ९ | | ९ | | |
| कोषको कार्यक्रम पुगेका गाविस | | ३३ गाविस ( हाल २९ गाविस २ न.पा) | | | | |
| सामुदायिक संस्थामा आवद्ध गरीव घरधुरी संख्या | | | | | | |
| विवरण | | जम्मा | | | प्रतिशत | |
| गरीवी वर्गिकरण | अति गरीव (क वर्ग) | ९४४० | | | ७१ | |
| | मध्यम गरीव (ख वर्ग) | ३११८ | | | २३ | |
| | गरीव (ग वर्ग) | ८१६ | | | ६ | |
| | **जम्मा** | **१३३७४** | | | | |
| लिंगका आधारमा | महिला | ९५६७ | | | ७२ | |
| | पुरुष | ३८०७ | | | २८ | |
| | **जम्मा** | **१३३७४** | | | | |
| जातिगत आधारमा | दलित | ४२९१ | | | ३२ | |
| | जनजाती | ३६५७ | | | २७ | |
| | अन्य | ५४२६ | | | ४१ | |
| | **जम्मा** | **१३३७४** | | | | |

## २.२ क्षमता विकास

क्षमता विकास गरीवी निवारण कोषको दोस्रो महत्वपुर्ण आधार स्तम्भ हो । सामुदायिक संस्थाका सदस्यहरु तथा साझेदारी संस्थाका कर्मचारीहरुलाई योजना पहिचान गर्ने, कार्यान्वयन गर्ने अनुगमन गर्ने तथा समुहको व्यवस्थापन जस्ता पक्षहरुमा क्षमताको विकास गर्ने कोषले निरन्तर रुपमा आर्थिक तथा प्राविधिक सहयोग गर्दै आईरहेको छ ।

### २.२.१ सहयोगी संस्थाका कर्मचारीहरुको क्षमता विकास

आ.व २०७२/०७३ मा साझेदारी संस्थाका जम्मा २५ (महिला १५ र पुरुष १०) जना कर्मचारीहरुलाई सामुदायिक संस्था स्तरवृद्धिको कार्यविधि विषयमा अभिमुखिकरण गरियो । यस अभिमुखिकरण कार्यक्रममा साझेदारी संस्थाका कार्यक्रम संयोजक तथा सामाजिक परिचालकहरुको उपस्थिति रहेको थियो । गरीवी निवारण कोषले तीन वर्ष अगाडी दर्ता भई विभिन्न आयआर्जनका गतिविधिहरु सम्पन्न गरिसकेका सामुदायिक संस्थाहरु क ख ग र घ वर्गमा छुटाइ स्तरवृद्धि मापन गरीरहेको छ ।

### २.२.२ सामुदायिक  संस्थाका सदस्यहरुको क्षमता विकास



आ.व २०७२/०७३ मा सहयोगी संस्थाका सदस्यहरुलाई व्यवसाय संचालनका लागि बाख्रापालन तथा कृषि तालिमहरु संचालन भएका छन् । यस आर्थिक वर्षमा सहयोगी संस्थाहरुको प्रथम किस्ता निकासा आर्थिक वर्षको अन्त्यमा भएकोले जम्मा १० वटा सामुदायिक संस्थाका ६२३ जना सदस्यहरुलाई तालिम दिइयो । बाख्रापालन सम्वन्धि आधरभुत जानकारीहरु, उन्नत जातका बाख्राहरु सम्वन्धि जानकारी, बमौसमि तरकारी खेती के कसरी गर्न सकिन्छ भन्ने जस्ता विषयहरुमा तालिम केन्द्रित रहेको थियो । सम्वन्धित विषयको प्राविधिहरु बाट तालिमको सहजिकरण भएको थियो । तालिममा सहभागिहरुको विवरण निम्न तालिमकामा प्रस्तुत गरिएको छ ।

तालिका नं २ सामुदायिक संस्थामा सम्पन्न भएका तालिम र सहभागि संख्या

| क.सं | तालिमको नाम | सहभागी संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | बाख्रापालन तालिम | ४९ | १३३ | १६६ | ३४८ | २३२ | ११६ | ३४८ |
| २ | कृषि तालिम | ३१ | ५९ | १८५ | २७५ | २१५ | ६० | २७५ |
| | **जम्मा** | **८०** | **१९२** | **३५१** | **६२३** | **४४७** | **१७६** | **६२३** |

## २.३. आयअर्जन



जिविकोपार्जन अर्थात जिवन धान्नका लागि गरिने पेशा, व्यवसाय वा गतिविधिलाई आयआर्जन अर्थात Livelihood गरीवी निवारण कोषको तेस्रो महत्वपुर्ण आधारस्तम्भ हो । सामुदायिक संस्थाका सदस्यहरुले आयआर्जनका लागि माग गरे अनुसारका गतिविधिहरु संचालन गर्न गरीवी निवारण कोषले सामुदायिक संस्थाहरुलाई सहयोग गर्दछ । यस वर्ष कोषको सहयोगमा आयआर्जन तर्फ पशुपालन, कृषि व्यवसाय, साना व्यवसाय संचालन जस्ता मुख्य आयआर्जन गतिविधिहरु विभिन्न सामुदायिक संस्थाहरुमा संचालन भईरहेक छन् । परम्परागत रुपमा पशुपालन गर्दैआईरहेको र यसका लागि थप प्रविधि तथा ज्ञान आवश्यक नभएकोले गर्दा आयआर्जन तर्फ सवै भन्दा बढि पशुपालनको माग छ । त्यस्तै गरी दोस्रोमा कृषि अन्तर्गत कुखुरापालन, बेमौसमि तरकारी खेती जस्ता छिटो छिटो आय आर्जन हुने व्यवसाहरुमा सामुदायिक सदस्यहरु संलग्न रहेका छन् । आ.व २०७२/०७३ मा यस रुकुम जिल्लाका २६ गाविस अन्तर्ग ५८ वटा विभिन्न सामुदायिक संस्थाहरु र गरीवी निवारण कोष बीच आयआर्जन गतिविधिका लागि सम्झौता भएका छन् । आयआर्जन अन्तर्गत विगत देखि हाल सम्म लगानी भएका क्षेत्रहरुलाई तालिका नं ३ मा देखाईएको छ ।

तालिका नं ३ आयआर्जन अन्तर्गत लगानी भएका विषयगत क्षेत्रहरु

| शिर्षक | | २०७२ असार सम्मको रकम | २०७२ देखि २०७३ असार सम्मको रकम | हाल सम्मको जम्मा रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| आयआर्जनमा लगानी | पशूपालन | १३५९२४२७५ | १८१७४३४८ | १५४०९८६२३ | 65% |
| | कृषि | ४८८४७७८६ | ६५८४९०८ | ५५४३२६९४ | 23% |
| | व्यापार | १६९९०५३४ | ७९०१८९ | १७७८०७२३ | 7% |
| | सेवा क्षेत्र | ३१८५७२५ | ० | ३१८५७२५ | 1% |
| | क्षमता विकास | ५३०९५४२ | ५२६७९३ | ५८३६३३५ | 2% |
| | व्यवस्थापन | २१२३८१६ | २६३३९६ | २३८७२१२ | 1% |
| जम्मा | | २१,२३,८१,६७८ | २,६३,३९,६३४ | २३,८७,२१,३१२ | |

## २.३.१ घुम्तिकोष परिचालनको स्थिती

घुम्तिकोषलाई सामुदायिक संस्थाको दिगोपनाको मेरुदण्डको रुपमा लिईन्छ । कोषले दिने अनुदान रकम र समुदायका सदस्यहरुले कम्तिमा १० प्रतिशत लगानी गरेको यस घुम्तिकोष बाट सामुदायिक संस्थाका बढिमा ५० प्रतिशत सदस्यहरुले सामुदायिक संस्थाले निर्धारण गरेको निश्चित व्याज र समय अवधिका लागि ऋण लिई आयआर्जनका कियाकलापहरु संचालन गर्नेछन् । पहिले ऋण लिएका सदस्यहरुले चुक्ता नगरे सम्म बाँकी रहेका सदस्यहरुले ऋण नपाउने भएकाले लगानीलाई सदुपयोग हुने, सामुदायिक संस्था भित्र अनुगमन हुने, ऋणको भाका नाघ्न नदिने जस्ता गतिविधिहरु संचालन भई घुम्तीकोष निरन्तर रुपमा चलिरहन्छ । घुम्तीकोषको परिचालन तथा व्यवस्थापन सम्वन्धि सम्पुर्ण अधिकार सामुदायिक संस्थामा निहित हुन्छ । हाल यस रुकुम जिल्लाको ३३ गाविसहरुमा ५४५ सामुदायिक संस्थाहरुमा घुम्तीकोष परिचालन भईरहेका छन् । सामुदायिक संस्थाका ८४६० जनाले घुम्तिकोष बाट कर्जा लिई पशुपालन, कृषि, किराना पसल, ससाना व्यवसायहरु संचालन गर्दै आईरहेका छन् । रुकुम जिल्लाको घुम्तिकोषको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।

तालिका नं ४ घुम्तिकोषको समग्र स्थिति

| क.स. | सुचक | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | कोषमा दर्ता भएका सा.सं | संख्या | ६२६ | |
| २ | कोष संग सम्झौता भएका सा.सं | संख्या | ५४५ | |
| ३ | घुम्तीकोष परिचालन गरिरहेका सां.सं | संख्या | ५४५ | |
| ४ | घुम्तीकोष परिचालन गर्ने सां.संका सदस्य | संख्या | १२,८०६ | |
| ५ | हाल सम्म कर्जा लिने सदस्य संख्या | संख्या | ८,४६० | ६६% |
| ६ | भाका नाघेका ऋणीहरुको संख्या | संख्या | ५०६ | १०% |
| ७ | घुम्तीकोषमा जम्मा रकम | रकम | २१,५८,८०,७३१ | |
| ८ | भाका नाघेको रकम | रकम | १,२२,४४,६४७ | ६% |
| ९ | भाका ननाघेको रकम | रकम | २०,३६,३६,०८४ | |
| १० | औसत व्याज दर | प्रतिशत | १२ | |

## २.४ सामुदायिक स-साना भौतिक पूर्वाधार



गरीवी निवारण कोषको चौथो आधार स्तम्भ सामुदायिक भौतिक पूर्वाधार हो । आयआर्जन संग प्रत्यक्ष जोडिएका स साना भौतिक पूर्वाधार जस्तै खानेपानी, सिंचाई, पानी घट्ट, ससाना विद्युत, ग्रामिण सडक तथा शिक्षा संग जोडिएको प्राथमिक भवन निर्माण जस्ता समुदायि संस्था बाट माग भएका भौतिक पुर्वाधार निर्माणमा कोषले आर्थिक तथा प्राविधिक सहयोग गर्दछ । यस रुकुम जिल्लामा कोषले शुरु देखि हाल सम्म गरी ७१वटा स साना भौतिक पूर्वाधार निर्माण

उपयोजनाहरु ( खानेपानी ४०, विद्यालय भवन १५, विद्युत पोल विस्तार ६ र सिंचाई १०) मध्ये ५८ वटा सम्पन्न भई सकेको छ भने १३ वटा (खानेपानी ४, विद्यालय भवन १, विद्युत पोल विस्तार ५ र सिंचाई ३) योजनाहरु चलिरहेका छन् । हाल सम्म खानेपानी बाट बन्चित भएका करिव २६०३ गरीव घर परिवारहरुले खानेपानी सुविधा पाएका छन् । विशेष गरी महिलाहरुले घन्टौ समय लगाएर पानी ल्याउनुपर्ने बाध्यता बाट छुटकारा पाएका छन् भने खानेपानी सुविधाले गर्दा अफ्नो घरवपिर तरकारी खेती गरिरहेका छन् ।

तालिका नं ५ भौतिक पूर्वाधार, लगानी र लाभान्वित घरधुरी संख्या

| शिर्षक | उप परियोजना | आ व २०७२/०७३ | | सुरु देखि हाल सम्म (२०६३/०६४ देखि २०७२/०७३) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | PAF लगानी | उप परियोजना संख्या | PAF लगानी रकम | लगानी % | लाभान्वित घरधूरी संख्या | सम्पन्न संख्या | सुचारु संख्या |
| भौतिक पूर्वाधार | खानेपानी | ० | ० | ४० | ५,४१,९७,६१३ | ५४ | २६०३ | ३६ | ४ |
| | विद्यालय भवन | ० | ० | १५ | १,९६,७४,६२० | २० | ७५० | १४ | १ |
| | विद्यूत | २ | ५७,१३,७०० | ६ | १,७८,३५,४२८ | १८ | ४३४ | १ | ५ |
| | सिंचाई | १ | ९,५७,५३७ | १० | ८४,७३,६०७ | ८ | ९१० | ७ | ३ |
| | जम्मा | ३ | ६६७१२३७ | ७१ | १००१८१२६८ | १०० | ४६९७ | ५८ | १३ |

## २.३.१ सामुदायिक भौतिक पूर्वाधार संचालन तथा मर्मत संभारको स्थिस्ती

हाल सम्म सम्पन्न भौतिक पूर्वाधारको दीगो व्यवस्थापनका लागि समुदाय स्तर बाट मर्मत संभार गर्न गरीवी निवारण कोषले सामुदायिक संस्थाका ८ जना सदस्यहरुलाई मर्मत संभार तथा संचालन सम्वन्धी तालिम प्रदान गरी आवश्यक सामग्री तथा औजारहरु प्रदान गरिएको छ । यसका साथै २५ सामुदायिक संस्थाहरुले रु १८००१६५ बरावरको संचालन तथा मर्मत संभार सम्वन्धी कोष बनाई आवश्यक मर्मत संभारका कार्यहरु गर्दै आईरहेका छन् ।

## ३.सहयोगी संस्था

जिल्लामा हाल ९ वटा गैरसरकारी संस्थाहरुले समुदायमा सामाजिक परिचालन, सहजिकरण, प्राविधिक सहयोग, अनुगमन, सामुदायिक आयोजनाको पहिचान, योजना निर्माण तथा कार्यान्वयन जस्ता कार्यका लागि कोषको साझेदारी संस्थाका रुपमा कार्य गरिरहेका छन् । साझेदार संस्थाहरुको नाम तथा कार्यरत गाविसहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं ६ साझेदारी संस्था र कार्यरत गाविसहरु

| क.स. | सुचक | कार्यरत गाविस संख्या तथा नाम | |
|---|---|---|---|
| | | संख्या | गाविस |
| १ | स्थानीय विकास कोष (LDF) | ४ | चुनवा□, रन्मामैकोट,जा□,सिस्ने |
| २ | हुरेड-कार्स | ४ | छिवा□,गरायला,दूली र खलंगा(हाल मुसिकोट नगरपालिका) |

| | | | |
|---|---|---|---|
| ३ | ग्रामिण पहूच विकास तथा अनूसन्धान संस्था (RADAR) | ४ | पिपल, पोखरा, स्यालापाखा र सांख(हाल मुसिकोट नगरपालिक) |
| ४ | रुकूमेली समाज विकास केन्द्र ढच्क्म्क्ृण | ५ | रुघा,हूकाम,कोटजारी (हाल चौरजहारी नपा), विजयश्वरी(हाल चौरजहारी नपा) र सिम्ली |
| ५ | नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र (MIC-Nepal) | २ | कोल र काक्री |
| ६ | डिप्रोस नेपाल, रुकूम | ८ | प्वा□,गोतामकोट,आठवीसकोट, आठवीसडाडा,पूर्तिमकाडा,घेत्मा,भ्कूला र खारा |
| ७ | सिस्ने यूवा ल्कव | २ | स्यालाखदी र चौखावा□ |
| ८ | उत्पीडित सामूदायिक विकास केन्द्र (OCDC) | २ | नूवाकोट र तकसेरा |
| ९ | ग्राविण आधारभूत विकास आयोजना (RBDP) | २ | मोरावा□ र खोलागाउ |
| | **जम्मा** | ३३ | |

## ३.१.साझेदारी संस्थामा कार्यरत जनशक्तिहरु

यस रुकुम जिल्लामा गरीवी निवारण कोषकाको ९ वटा सहयोगी संस्थाहरुमा कोषको कार्यक्रम अन्तर्गत ४५ जना कर्मचारीहरु कार्यरत छन् । जसमा ९ जना कार्यक्रम संयोजक, ३३ जना सामाजिक परिचालक र ३ जना सव ओभरसियरहरु कार्यरत छन् । महिला कर्मचारीहरु ३२ (७१%), पुरुष १३ जना (२९%) छन् । जातीगत हिसावमा दलित ८ जना (१८%), जनजाती (९%) र अन्य (७३%) कर्मचारीहरु कार्यरत छन् ।

## ३.२.साझेदारी संस्थाहरुको बजेट

तालिका नं ७ साझेदारी संस्थाहरु र कोष वीचको सम्झौता बजेट

| **क.स.** | **सुचक** | **सहयोगी संस्थाहरुको वजेट** | | |
|---|---|---|---|---|
| | | **सुरु देखि आ.व २०७१/०७२ सम्म** | **आ.व २०७२/०७३** | **सुरु देखि हाल सम्म जम्मा** |
| १ | स्थानीय विकास कोष (LDF) | ५९५८९४१ | १३५६००० | ७३१४९४१ |
| २ | हूरेड-कार्स | ११३१३२२२ | १३५६००० | १२६६९२२२ |
| ३ | गौमिण पहूच विकास तथा अनूसन्धान संस्था (RADAR) | १०८८२३१३ | १३५६००० | १२२३८३१३ |
| ४ | रुकूमेली समाज विकास केन्द्र (RSDC) | ६१०६६५४ | १७१०८२० | ७८१७४७४ |
| ५ | नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र (MIC-Nepal) | ४४४९५५७ | ९४०१६० | ५३८९७१७ |
| ६ | डिप्रोस नेपाल, रुकूम | १६२३२००७ | २५८७९२५ | १८८१९९३२ |
| ७ | सिस्ने यूवा ल्कव | ३२४६०९५ | ९४०१६० | ४१८६२५५ |
| ८ | उत्पीडित सामूदायिक विकास केन्द्र (OCDC) | ४००३८०८ | ९४०१६० | ४९४३९६८ |

| | | | | |
|---|---|---|---|---|
| ९ | ग्राविण आधारभूत विकास आयोजना (RBDP) | ४००३८०८ | ९४०१६० | ४९४३९६८ |
| | **जम्मा** | **६,६१,९६,४०५** | **१,२१,२७,३८५** | **७,८३,२३,७९०** |

## ४.सस्थागत विकास तथा दिगोपना

गरीवी निवारण कोषले समुदायिक संस्था तथा सहयोगी संस्थाको क्षमता अभिवृद्धि तथा संस्थागत विकासमा जोड दिइदै आएको छ । आ.व २०७२/०७३ मा आयआर्जन उपपरियोजना अन्तर्गत सम्झौता भएको रकम मध्ये ४,४०,००० अर्थात रकमको २ प्रतिशत रकम सामुदायिक संस्थाको क्षमता विकास शिर्षकमा छ । त्यसका साथै सहयोगी संस्थाका सहजिकरणमा सामुदायिक संस्थाका सदस्यहरु महिनाको कम्तिमा १ पटक भेला भई बैठक बस्ने, आफ्ना समस्याका बारेमा छलफल गर्ने र समस्या समाधानका लागि योजना बनाउने, जस्ता कामहरुले पनि उनीहरुको संस्थागत विकासमा सहयोग भईरहेको छ ।

## ५.सामुदायिक संस्था संजाल (नेटवर्क)

गरीवी निवारण कोष अन्तर्गत गठन भएका तर छरिएर रहेका सामुदायिक संस्थाहरुलाई संगठित भई सहकार्य गर्ने उद्धेश्यले सामुदायिक संस्थाहरुको गा.वि.स.स्तरीय संजालहरु निर्माण भएका छन् । हाल सम्म २५ गा.वि.स.मा ३० वटा सामुदायिक संस्था संजालहरु (नेटवर्क) गठन भई मासिक रुपमा बैठक बस्दै आईरहेका छन् । यि नेटवर्कहरुमा २०९ वटा सामुदायिक संस्थाहरु जसमा ९०९ (महिला ४८२ र पुरुष ४२७) सदस्यहरु आवद्ध छन् । यि नेटवर्कहरुमा हरेक सामुदायिक संस्थाहरु बाट बढिमा २ जना प्रतिनिधि रहने व्यवस्था छ । नेटवर्क बैठकमा स्थानीय स्तरमा अन्य आयआर्जनका अवसरहरु, सामुहिक प्रयास तथा सहकार्य जस्ता साझा सवालका बारेमा छलफल हुनेगर्दछ ।

## ६.सहकारी निर्माण तथा परिचालन

हाल सम्म रुकुम जिल्लाको ६ गाविसहरु (आठविसकोट, खारा,स्यालापाखा,साँख,सिम्ली तथा रुँघा) मा ६ वटा गाविस स्तरका विभिन्न सहकारी संस्थाहरु गठन भएका छन् । उक्त सहकारी संस्थाहरुमा कोषमा दर्ता भएका तथा घुम्तिकोष संचालन गरिरहेका २२४ सामुदायिक संस्थाका ६६७५ सदस्यहरु (महिला ४५१५ र पुरुष २१६०) आवद्ध छन् । आवद्ध भएका प्रत्येक सामुदायिक संस्थाका सदस्यहरु सहकारी संस्थाका सदस्य हुन्छन् भने प्रत्येक समुहका प्रतिनिधिहरुबाट सहकारी संचालन समिति गठन हुन्छ । आवद्ध समुहले आफुले गर्दै आएको आन्तरिक बचत कोषको रकम यस सहकारी संस्थाहरुमा जम्मा पनि गरिरहेका छन् भने त्यस सहकारी संस्थाहरु बाट पनि ऋण लिई रहेका छन् । सामुदायिक संस्था भित्र रहेको घुम्तिकोष भने सम्वन्धित संस्थाहरुले अआफ्नो नियम अनुसार परिचालन गरिरहेका छन् । यस आर्थिक वर्षमा उच्च पहाडी गरीवी निवारण परियोजना (WUPAP) ले लक्षित समुदायका सदस्यहरुको नाममा सेयर पुँजी स्वरुप रु ५/५ लाख रुपैया उन्नतशिल कृषि सहकारी संस्था स्यालापाखा र खुम्चेरी सहकारी संस्थालाई सेयर पूँजीको रुपमा अनुदान दिएको छ ।

तालिका नं ८ सहकारी संस्थाहरुको विवरण

| क.स | सहकारीको नाम | गाविस | आवद्ध सा.स को संख्या | सदस्य संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| १ | नमूना बचत तथा ऋण सहकारी संस्था | आठविसकोट | ५७ | १०२५ | ७४९ | १७७४ |
| २ | पुष्पाञ्जली महिला बहूउदेश्य सहकारी संस्था | सिम्ली | १९ | ३४२ | १३३ | ४७५ |
| ३ | महिला सशक्तिकरण बहूउदेश्य सहकारी संस्था | रुघा | २० | ३६० | १४० | ५०० |
| ४ | उन्नतशिल कृषि सहकारी संस्था | स्यालापाखा | ३५ | ७५६ | २९४ | १०५० |
| ५ | ठूली दह कृषि सहकारी संस्था | साख | ३८ | ६८४ | २६६ | ९५० |
| ६ | खुम्चेरी सहकारी संस्था | खारा | ५५ | १३४८ | ५७८ | १९२६ |
| | **जम्मा** | | **२२४** | **४५१५** | **२१६०** | **६६७५** |

## ७.अनुगमन तथा मूल्याङ्कन

सामुदायिक संस्थाले संचालन गरेका भौतिक पूर्वाधार तथा आयआर्जनका गतिविधिहरुका साथै उनीहरुले परिचालन गरिरहेका घुम्तीकोषको अवस्थाका बारेमा जिल्लामा साझेदारी संस्था, जिल्ला विकास समिति, कार्य प्रवन्धक तथा गरीवी निवारण कोष तथा  सामुदायिक संस्था भित्रका अनुगमन समितिका पदाधिहरु बाट छुट्टाछुटै रुपमा अनुगमन भएको छ। भौतिक पूर्वाधारको फिल्ड अनुगमनका लागि गरीवी निवारण कोष बाट कन्सलट्यान्ट इन्जीनियरले ४ वटा सम्पन्न र १४ वटा संचालन भईरहेका भौतिक पूर्वाधारको अनुगमन गरी बाँकी किस्ताका लागि सिफारिस गरिएको थियो । त्यस्तैगरी जिल्ला विकास समितिका प्रतिनिधिहरुले विभिन्न गाविसहरुका सामुदायिक संस्थाहरुको अनुगमन भएको छ।

## ८.पकेट क्षेत्र विकास कार्यक्रम

स्थानीय स्तरमा हुने आलु उत्पादनलाई संकलन गर्ने, त्यस बाट आलु चिप्स बनाई बजारमा विक्रि गरी आयआर्जन गर्ने भन्ने मुल उदेश्यका लागि कोषको सहयोगी संस्था रुकुमेली समाज विकास केन्द्र (RSDC) को सहजीकरणमा लालि गुँरास सामुदायिक संस्था फिडेरेशन, रुँघाँले पेश गरेको प्रस्तावनापत्र गरीवी निवारण कोषले स्वीकृत गरेको छ। यो योजना अन्तर्गत चिप्स बनाउने मेशिन, प्राविधिक जनशक्ति तथा अन्य व्यवस्थापनका लागि सम्वन्धित सामुदायिक संस्था फिडेरेशनलाई एक पटक रु २५ लाख अनुदान दिनेछ। आ.व २०७२/०७३ को सुरुको चौमासिक देखि सम्झौता भई योजना संचालन हुदैछ।

## ९.अन्य सरोकारवाला निकायहरु संग समन्वय तथा सहकार्य

गरीवी निवारण कोषले आफ्नो गतिविधिलाई प्रभावकारी बनाउने तथा सिनर्जी निर्माण गर्न जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी संघ संस्थाहरु वीच समन्वय तथा सहकार्य निरन्तरता गरिरहेको छ ।

जिल्ला विकास कार्यालय, कृषि विकास कार्यालय, जिल्ला पशु कार्यालय, महिला विकास कार्यालय, स्यास्थ्य, शिक्षा, बन कार्यालयहरु, क्रियाशिल राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु संग भएको निरन्तर सम्पर्क तथा समन्वयले जिल्ला स्थित विषयतग कार्यालयहरु तथा स्थानीय गैरसरकारी कार्यालहरु वीच सम्पर्क तथा समन्वय तथा सहकार्यलाई थप उर्जा दिएको छ । सामुदायिक संस्थाका सदस्यहरुलाई पशुपालन तथा कृषि व्यवसाय तालिमका लागि जिल्ला पशु कार्यालय तथा कृषि विकास कार्यालय संग समन्वय गरी संचालन गरिएको छ । सामुदायिक संस्थाहरुले माग गरेका आयआर्जन गतिविधि तथा भौतिक पूर्वाधार निर्माणका योजनाहरु सम्वन्धित गाविस तथा जिल्ला विकास समितिको सिफारिस हुनुपर्ने नीतिगत व्यवस्था छ ।

## १०. ज्ञान व्यवस्थापन

कोषले अवलम्वन गरेका नीति तथा कार्यक्रम बाट लक्षित समुदायमा पारेको प्रभाव, सिकाई तथा राम्रा अभ्यासहरुलाई बृहतम जनमुदायलाई जानकारी दिने उद्धेश्यका साथ संचालन भएको रेडियो कार्यक्रम समृद्धिका पाइलाहरु नाम रेडियो कार्यक्रम स्थानीय रेडियो सानीभेरी एफ.एम बाट प्रत्येक शनिवार बेलुकी ७:१५ देखि प्रसारण भईरहेको छ । रेडियो कार्यक्रमहरु मार्फत कोषको गतिविधि तथा सफलताका कथाहरु जस्ता विषवस्तुलाई समेटिएर कार्यक्रम नियमित रुपले  प्रसारण भइरहेको छ ।

## ११.कोषको सहयोगमा जिल्लामा संचालित कार्यक्रम बाट देखिएका केहि सकारात्कम प्रयासहरु

यस रुकुम जिल्लामा गरीवी न्यूनिकरणका लागि गरीवी निवारण कोषले गरेको योगदानले ल्याएका सकारात्म परिवर्तनहरु, सामना गर्नुपरेका चुनौतिहरु तथा सिकाईहरुलाई निम्न शिर्षकमा छोटकरीमा प्रस्तुत गरिएको छ

**साहु माहजनहरुको चर्को व्याज बाट मुक्तः-** गरीव वर्गका सदस्यहरु  सामन्य घरखर्च तथा जिवनयापनका लागि गाउँको साहु तथा महाजनहरु बाट चर्को व्याजमा ऋण लिनुपर्ने बाध्यता बाट मुक्त भएका छन् । बैंकको पहुँचमा नभएका तथा ससाना आयआर्जन गतिविधिहरु गर्न पूँजी नभएका गरीव वर्गका लागि कोषले दिएको घुम्तिकोष बाट विना धितो सस्तो व्याजदरमा ऋण लिई समुदायिक संस्गाका सदस्यहरुले आफुले चाहेको व्यवसाय संचालन गरेर आम्दानी गरिरहेका छन् । यसका साथै सामुदायिक संस्थाका सदस्यहरुमा बचत गर्ने फजुल खर्च नगर्ने बानीको बिकास पनि हुदै गईरहेको छ ।

**महिलाहरुमा आत्मनिर्भता तथा नेतृत्वको विकासः-**यस जिल्लाका कोषमा दर्ता भएका सामुदायिक संस्थाहरुमा करिव ७२ प्रतिशत महिलाहरुको सहभागिता छ । हिजोका दिनमा घरायसी कार्यहरुमा मात्र सिमित भएका महिलाहरु समुहमा आवद्ध भएपश्चात समुहमा खुलेर आफ्नो कुराहरु राख्न सक्ने भएका छन् । हिजोका दिनहरुमा सामन्य घरखर्चका लागि पुरुषमा वा श्रीमानमा निर्भर भएका महिलाहरु आज सामान्य घरखर्चका लागि महिलाहरु आफै सक्षम हुदैछन् । यस बाट महिलाहरुमा आत्मनिर्भरता बृद्धि हुदै गईरहेको छ ।

**सामाजिक अन्तरघुलनको अभ्यासः-**कोषमा आवद्ध सामुदायिक संस्थाहरुमा जातिय विविधता ( दलित,जनजाती, ब्राम्हण क्षेत्रीहरुको समावेशि) छ । हिजोका दिनमा पानी नछुने तथा संगै वस्ने नरुचाउने जातीहरुलाई सामुदायिक संस्थाका नियमित वैठकहरुले संगै बस्ने बातारण बनाईदिएको छ । सामुदायिक संस्थाहरुले दलित तथा गैरदलित वीच सामजिक अन्तरघुलनलाई थप सहयोग गरी जातका आधारमा हुने विभेदलाई न्यूनिकरण पनि सहयोग गरिरहेको छ ।

**स्थानीय स्तरमा उद्यमशिलता वृद्धिः-** यस रुकुम जिल्लामा २२ करोड रुपैया घुम्तिकोष विभिन्न सामुदायिक संस्थाहरुमा परिचालन भईरहेको छ । कार्यक्रम संचालन भएका कतिपय गाविसहरुमा १ करोड भन्दा बढि घुम्तिकोषको रुपमा परिचालन भईरहेको छ । यि घुक्तिकोष रकमहरुले जिल्ला तथा सामुदायिक स्तरमा उद्यम संचालन गरी रोजगारीका अवसर सृजना गरेको छ ।

## १२ चुनौति तथा सिकाईहरु

### चुनौतीहरु

**क) हुनेखाने व्यक्तिहरु पनि अति गरिव हुँ भन्न चाहने ।**

समुदायिक संस्था भित्रका केहि सदस्यहरुको घरपरिवारमा कोहि न कोहि सदस्य वैदेशिक रोजगारमा गएको, विभिन्न जागिर तथा आयआर्जनका स्रोत भएका व्यक्तिहरु आफुलाई अति गरिव वर्गमा राख्न चाहन्छन् र विभिन्न अवसरहरु लिन अग्रपन्तिमा उभिदिदा बास्तविक अति गरिव परिवारका सदस्यहरु विभिन्न अवसरहरु बाट बन्चितिकरणमा पर्ने गर्दछन् ।

**ख) सामुदायिक संस्था भित्रका अति गरीव सदस्यहरुले कर्जा लिन हिम्मत नै गर्दैनन्:** सामुदायिक संस्थाहरुमा अधिकांश सदस्यहरु अति गरीव अर्थात क वर्गमा (७१ प्रतिशत) छन् । यि मध्ये अधिकांश सदस्यहरु बैठकमा नियमित उपस्थिती नहुने, मुख्य पदहरुमा बस्न नरुचाउने, कर्जा लिन डराउने, लिएको सानो तिनो कर्जा पनि घरखर्चमा नै चलाउने भएकाले समुह भित्रका केहि बाठो टाठो व्यक्तिहरुले घुम्तिकोषका बाट बढि फाईदा लिईरहेका देखिन्छ ।

**ख) धेरै व्यावसीहरुले पशु विमा गरेका छैनन्:** घुम्तिकोष बाट ऋण लिई व्यवसाय गर्नेहरु मध्ये ६५ प्रतिशत सामुदायिक संस्थाका सदस्यहरुले परम्परागत रुपमा पशु पालन गरिरहेका छन् । धेरै सदस्यहरुलाई पशु विमा सम्वन्धि आधारभुत ज्ञान छैन् । यदि विभिन्न कारणले उनीहरुको पशुहरु मरेमा यसको क्षतिपूर्ति कतै बाट पनि पाउनेछैनन्, उनीहरुको लगानी खेर जाने सम्भावना धेरै छ ।

**ग) सामान्य हिसाव किताव बाट नै लाखौंको घुम्तिकोष परिचालन भईरहेको छ ।-**घुम्तिकोष संचालन गरीरहेका सामुदायिक संस्थाका अधिकांश सदस्यहरु निरक्षर छन् । संस्था भित्र घुम्तिकोषको रेकर्ड राख्ने सदस्यहरु सामन्य लेखपढ गर्न जानेता पनि लेखा प्रणाली सम्वन्धि ज्ञान नहुदाँ समुह भित्र सामान्य हिसाव किताव रेकर्डका आधारमा लाखौंको कारोवार भईरहेको छ ।

**घ) उत्पादित बस्तुलाई बजारीकरण गर्न कठिनाई:** सामुदायिक संस्था सदस्यहरुले उत्पादन गरेका वस्तु तथा सामाग्रीहरु सवै स्थानीय स्तरमा खपत हुदैनन् । बाहिर लगेर विकी वितरण गर्न बजार सम्मको पहुच नभएकोले उनीहरुले लगानी तथा परिश्रम अनुसार उचित मुल्य पाउन सकिरहेका छैनन् । जस्तै गाउँमा उत्पादन भएको दुग्ध सवै गाउँमा नै विकि हुदैनन् । बजार सम्म ल्याई विकि गर्न ३/४ घण्टा पैदल हिड्नु पर्ने बाध्यताले गर्दा उत्पादित बस्तुहरु बाट नियमित आम्दानी हुन सकेको छैन् ।

**ङ) प्रत्यक्ष आयआर्जन हुने खाले भातिक पूर्वाधार योजनाको माग आउँदैन्:** गरीवी निवारण कोषले अति गरीव घरधुरी परिवारको आयआर्जनमा प्रत्यक्ष सहयोग पुग्ने, महिलाहरुको दैनिक जिवनलाई सहज हुने, समुदायले पनि योगदान दिन सक्ने, त्यसको व्यवस्थापन गरि दिगो रुपमा संचालन गर्न सक्ने जस्ता स-साना सामुदायिक स्तरको भौतिक पूर्वाधारहरु जस्तै उदाहारणका लागि खानेपानी, सिंचाई निर्माणका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्दछ । गरीवी निवारण कोषले जति बजेटको योजना माग गरेता पनि दिई हाल्छ भन्ने मान्यताले गर्दा अधिकांश भौतिक पूर्वाधारका मागहरु विद्युत, विद्यालय भवन जस्ता ठुला ठुला योजनाहरु जुन समुदायले व्यहोर्नुपर्ने निश्चित रकम बराबरको योगदान दिन नसक्ने, व्यवस्थापन गर्न नसक्ने ठुलो बजेट भएका, समुदायको बास्तविक माग भन्दा कुनै व्यक्तिका व्यक्तिगत स्वार्थका लागि योजनाहरुको माग बढि आउने गर्दछ । यस्ता ठुला ठुला योजनाहरुमा अन्य निकायहरुले दिने योगदानको डुप्लीकेशन हुने संभावना पनि बढिनै हुने गर्दछ ।

### सिकाईहरु

- समुदाय स्तरमा भएका उत्पादनहरुलाई बजार केन्द्र संग जोड्न सकिएमा ऋण लिई व्यवसाय गरेका अति गरीब घरधुरी परिवारहरुका आयआर्जन छिटो छिटो रुपमा बढ्नेछ ।
- लामो अवधि तथा ठुलो आकारको बजेट भएको भौतिक पूर्वाधार योजनाहरु भन्दा छोटा अवधि तथा सानो आकारको बजेट भएको भौतिक पुर्वाधारका योजनाहरु संचालन गर्दा निर्धारित समयमा नै सम्पन्न हुने, समुदायमा विवाद नहुने भएकाले साना योजनाहरुलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।
- साझेदारी संस्थाहरुले पेश गरेका प्रस्तावनका आधारमा मात्रै भौतिक पूर्वाधारका योजनाहरु अगाडी बढाउँदा समुदायको बास्तविक माग नहुन सक्छ । यसका लागि समुदाय स्तरमा गएर विभिन्न सरोकारवालाहरु संग छलफल तथा समन्वय गर्नुपर्ने सिकाई भएको छ ।

## १३ आगामी योजनाहरु

- विगतमा विभिन्न कारणले छुटेका १० गाविसहरुमा आ.व.२०७३/०७४ देखि कोषको कार्यक्रम विस्तार गर्ने
- सामुदायि संस्थाका सदस्यहरु तथा सहयोगी संस्थाका कर्मचारीहरुको क्षमता विकासलाई जोड दिने
- घुम्तिकोषको नियमित अनुगमन तथा अध्यावधिक तथ्याङ संकलन गर्ने ।
- सामुदायिक संस्थाहरुले संचालन गरेका आयआर्जन तथा भौतिक पूर्वाधार उपयोजनाहरुको नियमति अनुगमन तथा मुल्याङ्कन गर्ने ।
- सामुदायिक संस्थाका सदस्यहरुले पालेका पशुपक्षिहरुको विमाका लागि विभिन्न निकायहरु संग आवश्यक समन्वय गर्ने ।
- परम्परागत आयआर्जन गतिविधिलाई उद्यमशिलतामा लैजान पहल गर्ने ।
- विशिष्ट उत्पादनको संभाव्यता (Pocket Areas Development) पहिचान गरी Pocket Areas Development project संचालन गर्ने ।
- जिल्लामा अवस्थित सरकारी तथा गैरसरकारी संघसंस्थाहरु संग समन्वय तथा सम्बन्ध विस्तारलाई निरन्तरता दिने ।
- हाल प्रसारण भएको रेडियो कार्यक्रम "सवृद्धिका पाईला"लाई निरन्तरता दिई आम समुदायलाई कोषको बारेमा जानकारी दिने ।

## १४.सफलताको कथाहरु



**<u>मोबाईल पसलबाट मनग्ये आम्दानी</u>**

हातमुखको जोहो गर्न तथा परिवारको लालनपालन गर्न बर्षेनी भारत पस्ने गरेका पिपल गा.वि.स.वडा न.८ निवासी विर बहादुर पौडेल हाल आएर मोबाईल मर्मत केन्द्र स्थापना गरी आफ्नै गाउँमा बसेर मनग्ये आम्दानी गर्न थालेका छन । भारतमा साहु जमिन्दारको घरमा मासिक ५०००।- मा काम गर्ने विर बहादुरले हाल आएर आफ्नै पसलबाट मासिक रु.१२०००।-सम्म बचत गर्ने गरेको बताउँछन् ।

गरिबी निवारण कोषको आर्थिक सहयोग र राडार रुकुमको सहजिकरणमा “समुदायमा आधारित दिगो आर्थिक सामाजिक विकास कार्यक्रम” अर्न्तगत गठित बसिनीटाकुरा सामुदायिक संस्थाका सदस्य भए पछी उनले रु.३००००।- ऋण लिई दाङको घोराहीमा गएर तिन महिने मोबाईल मर्मत तालिम लिई आवश्यक सामग्रीहरु खरिद गरेर आफै बसोबास गरेका पिपल गा.वि.स. वडा न. ७ मा अवस्थित ज.क.उ.मा.वि.जिपू पिपल रुकुमको नजिकको एक घरमा एक कोठा लिएर आफ्नो सानो व्यबशाय शुरुवात गरे । शुरु-शुरुमा आफ्नो मोवाईल मर्मत केन्द्र बाट भाडा तिर्ने र दैनिक एक दुई सय बचत हुने भएता पनि हाल उनले दैनिक रु.५००।- सम्म बचत गर्ने गरेका छन् ।
उनी आवद्ध बसिनीटाकुरा सामुदायिक संस्थामो ४२ जना सदस्यहरु रहेका छन् । उक्त संस्थामा गरिबी निवारण कोषले आयआर्जन क्रियाकलापको लागि दुबै किस्ता रकम गरि करिब आठ लाख रपियाँ प्रदान गरेको छ । संस्थामा आबद्द सम्पूर्ण सदस्यहरुले विभिन्न आयआर्जनमूलक क्रियाकलाप संचालन गरिरहेको उनले बताए । सामुदायिक संस्था गठन पूर्व कुनै कार्यक्रम तथा सार्वजनिक सभाहरुमा आफ्नो नाम भन्न समेत लाज मान्ने विर ब.हाल आएर संस्थाको नियमित बैठक बस्ने क्रममा विभिन्न प्रस्तावउपर छलफल तथा निर्णय गर्न समेत उनी सक्षम भएका छन् ।

## खलोप्रथा बाट सिलाई कटाई व्यवसाय तर्फ



रुकुमजिल्ला पिपल गाविस वडा नं. ५ का कविता दमाई परिवार पाल्नका खलो पर्थामा लुगा सिलाउन थिइन् भने उनको श्रीमान वर्षेनी भारतको बम्बइमा ज्यलामजदुरी गर्न जानुपर्ने वाध्यता थियो । खलो प्रथा बाट नगद नपाउने तथा उनको श्रीमानको भारतमा ज्यालामजदुरी बाट जिविकोपार्जन गर्न धौधौ पर्ने गर्थ्यो । उनको वस्तीमा कोषको साझेदारी संस्था राडार द्धारा गठन भएको **धनगारे सामुदायिक संस्था** मा आज भन्दा ३ वर्ष अगाडी सदस्य भईन् र विभिन्न व्यवसाय संचालन सम्वन्धि तालिमहरुले उनलाई खलोको रुपमा गरिरहेको सिलाई कटाईलाई व्यवसायिक रुपमा संचालन गर्ने निर्णय गरिन् र समुह बाट ४५ हजार कर्जा लिईन ।
शुरुका दिनमा व्यबसायमा अनुभवको कमीका कारण दैनिकी गुजारामात्र सम्भव भएपनी निरन्तर उनले ब्यबसायबाट नै सफल हुन सकिन्छ भन्ने अठोट लिईन निरन्तर रुपमा व्यवसाय संचालन गरिन ।
हाल आएर उनले उक्त ऋण किस्ता किस्तामा चुक्ता गरेकी छिन व्यबसायबाट पारिवारिक खर्च कटाएर मासिक विस हजार रुपैया वचत गर्ने गरेको वताउछिन । उनले आफ्नो व्यबसायमा आफ्नो श्रीमानलाई पनी संलग्न गराएकी छिन । छोराछोरीहरु नजिकैको विद्यालयमा पढ्न जान्छन । श्रीमानको वर्षेनी परदेशमा जानुपर्ने बाध्यता हाल रहेन ।
हाल उनको परिवारको लालन पालन गर्न शिक्षा दिक्षा गर्न कठिन छैन । बरु समाजका पछिपरेका व्यक्तिहरुलाई आफुले जस्तै ब्यबसाय गरेर अगाडी वढ्न उनले प्रेरणा दिएको वताउछिन ।

**खुद्रापसलवाट जिविका चलाएकी महिला**



छिवाङ गाविस वडानं. १ चौतारा निवासी पबित्रा विष्ट एकल महिला हुन एक छोरी र २ छोरा र आफु गरी जम्मा ४ जनाको परिवार छ र उनका श्रीमान द्वन्द्धको बेलामा सरकारी सेनावाट मारिएका थिए । श्रीमानको मृत्यु भएपछि झन परिवार विचल्लीमा परयो । आयआर्जन केही थिएन अलिकती भएको घरजग्गा पनि मध्य पहाडी लोक मार्गले फाल्ने कुराले साहारै चिन्तित थिईन । पढाईलेखाई नभएकोले छोराछोरी के गरी पाल्ने भन्ने कुराले उनीमा ठुलो पिर थियो कसैले ऋण सहयोग गरेमा सानो भएपनि खुद्रापसल गर्ने सोच थियो उनको । गरीबी निवारण कोषको सहयोगमा हुरेड-कार्स, रुकुमको सहजीकरणमा गठन भएको सयपत्री सामुदायिक संस्थाको सदस्यमा आवद्ध भईन । मासिक बचत र बैठकमा सकृयताका साथ सहभागी हुँदै गईन । कोषले गर्ने सहयोगको वारेमा बुझ्दै गईन अरु सदस्यले झै व्यवसाय छनौट गर्ने क्रममा उनले खुद्रापसल छनौट गरिन् ।
गत असारको अन्तिम सातामा उनले १८ हजार ६ सय ५० रुपैयाँ सामुदायिक संस्थावाट खुद्रापसलको लागि ऋण प्राप्त गरी व्यवसाय शुरु गरिन् । उनले पसलवाट मासिक ५ हजार सम्म आम्दानी गरी छोराछोरी पढाई खर्च, घरखर्च सवै चलाईरहेकी छिन । मेरो खुद्रापसल गर्ने पहिले देखिको सोच पुरा भएको छ । साँझ विहाना घरको नियमित काम गर्दै अनि खुद्रापसललाई पनि संगसंगै अगाडी वढाउदै आम्दानी लिईरहेकी उनले बताईन ।

## १५. निष्कर्ष

रुकुम जिल्लामा भएको गरिवीलाई न्युनिकरण गर्न विगत १० वर्ष देखि गरिवी निवारण कोषले सहयोगी संस्थाहरु मार्फत जिल्लाको ३३ गाविसहरुमा विभिन्न आयआर्जन तथा सामुदायिक स्तरका भौतिक पूर्वाधार निर्माणका कार्यहरु गर्दै आईरहेको छ । विगत दश वर्षको अवधिमा आयआर्जनका २१ करोड, भौतिक पूर्वाधार तर्फ १० करोड रुपैया लगानी गरिसकेको छ । त्यस्तै गरि सामाजिक परिचालनलाई प्रभावकारी वनाउन सहयोगी संस्थाहरु अन्तर्गत पौने ८ करोड रुपैया समेत गरेर हाल सम्म कोषले यस रुकुम जिल्लामा ३९ करोड रुपैया लगानी गरिसकेको छ । यस जिल्लामा गरिवीको रेखामुनि रहेका व्यक्तिहरुको जिवन स्तरलाई माथि उकास्न गरिवी निवारण कोषले निरन्तर रुपले अर्थपुण योगदान दिदै आईरहेको छ ।

गरिवी निवारण कोषका कार्यक्रमहरुका सम्वन्धमा थप जानकारी, सल्लाह सुझाव तथा गुनासाहरु भएमा निम्न ठेगानामा सम्पर्क राख्नु हुन हार्दिक अनुरोध गरिन्छ ।

गरिवी निवारण कोष
जिल्ला इकाई कार्यालय
मुसिकोट नगरपालिका, खलंगा, रुकुम

## १६.अनुसूचीहरु

अनुसूचि १ आ.व २०७२/०७३ मा आयआर्जन तर्फ **पहिलो किस्ता प्राप्त** गर्ने सा.सको विवरण

| क्र. सं | सामुदायिक संस्थाको नाम | ठेगाना | सम्झौता नं | जम्मा सम्झौता रकम | प्रथम किस्ता निकासा रकम |
|---|---|---|---|---|---|
| १ | हरियाली सा.स | पूर्तिमकाँडा-९, | ५८।२२१।०६६।०६७ | ४,५३,९०० | ३,१९,५४० |
| २ | जनमुखी सा.स | पूर्तिमकाँडा-१, | ५८।०७१।०७२।६३१।१ | ४,२१,५०० | २,९६,८६० |
| ३ | अविरल सा.स | पूर्तिमकाँडा-५ | ५८।२५१।०६६।०६७।१ | ६,८८,२०० | ४,८३,७०० |
| ४ | मुनलाईट सा.स | खारा ८, | ५८।२३६।०६६।०६७।१ | ४,४४,३०० | ३,१२,९७० |
| ५ | पुरनखारा सा.स | खारा ५, | ५८।०७१।०७२।६१७।१ | ४,५०,१५० | ३,१७०,६५ |
| ६ | महिला जागरण सा.स | खारा ६, | ५८।०६८।०६९।६०६।१ | २,२९,२०० | १,६२,४०० |
| ७ | हिमाली सा.सं | खारा ४ | ५८/२४०/०६६/०६७/१ | ५,११,३५०.०० | ३,५९,९०५.०० |
| ८ | जिल्लाधुरी हराभरा क सा.स. | चुनवाङ, ८ | ५८/०७२/०७३/७५४/१ | ५,३४,४६५.०० | ४,३०,१७२.०० |
| ९ | श्री जिल्लाधुरी हराभरा सा.सं | चुन्वाङ ८ | ५८/०७२/०७३/७५९/१ | ८,२४,१७५.०० | ६,६१,९४०.०० |
| १० | नौविहानी सा.सं | चुन्वाङ ८ | ५८/०६७/०६८/४६०/१ | ५,४४,४५५.०० | ४३८१६४.०० |
| ११ | सुन्दरवस्ती सा.सं | चुन्वाङ ५ | ५८/०७२/०७३/७६०/१ | ५०९४९०.०० | ४०९१९२.०० |
| १२ | नमूना सा.सं | चौखावाङ ५ | ५८/०७१/०७२/६०८/१ | ४,२०,५८०.०० | २,९४,४३०.०० |
| १३ | धुपीडाँडा सा.सं | चौकावाङ,५ | ५८/०७२/०७३/७८३/१ | ३,८१,३००.०० | २,६७,०३०.०० |
| १४ | श्री सगरमाथा कल्याणकारी सा.सं | नुवाकोट ७ | ५८/०७२/०७३/७९१/१ | ५,४०,१४०.०० | ४,३२,११२.०० |
| १५ | जनसेवा सा.सं | नुवाकोट १ | ५८/०७२/०७३/७९०/१ | ५,८३,३४०.०० | ४,७०,६६०.०० |
| १६ | त्रिवेणी सा.स | दुली ३ | ५८/०७२/०७३/७६९/१ | ४,१४,९८०.४४ | ३,३२,९८४.२४ |
| १७ | दोभान सा.सं | दुली ३ | ५८/०७२/०७३/७७३/१ | ६,२०,०४८.०० | ४,९७,०३८.४ |
| १८ | कमलफुल सा.सं | छिवाङ ८ | ५८/०७२/०७३/७६७/१ | २,९०,०१०.०० | २,३२,९३८.०० |
| १९ | सानोभेरी सा.सं | छिवाङ ७ | ५८/०७२/०७३/७६५/१ | २,९०,०००.०० | २,३३,०००.०० |
| २० | अजम्वरी सा.सं | मुसीकोट खलङगा | ५८/०७२/०७३/७७०/१ | २,९९,९८५.०० | २,४०,८८८.०० |
| २१ | नयाँ विहानी सा.सं | मुसीकोट खलङगा | ५८/०७२/०७३/७७१/१ | ३,२०,०१४.७० | २,५६,९५१.७६ |
| २२ | प्रगतीशिल सा.सं | सिम्ली ६ | ५८/०७२/०७३/७४९/१ | ७,१४,८००.०० | ४,४७,८८०.०० |
| २३ | काफलधारा सा.स | स्यालापाखा ६ | ५८/०७२/०७३/६०२/१ | ३,३२,३००.०० | २,३६,३६०.०० |
| २४ | नयाँपाईला सा.स. | स्यालापाखा ५ | ५८/०७२/०७३/७६१/१ | २,९७,६००.०० | २,३७,३३०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | हिमाली जनचेतना सा.सं | स्यालापाखा ६ | ५८/८४/०६४/०६५/१ | ६,१४,०००.०० | ४,९१,२१०.०० |
| २६ | गैरीगाउँ सा.सं | सिस्ने ५ | ५८/०७२/०७३/७५६/१ | ५,४४,४५५.०० | ४३८१६४.०० |
| २७ | फुलचौर सा.सं | सिस्ने ७ | ५८/०७२/०७३/७५८/१ | ३,७४,६२५.०० | ३०१३००.०० |
| २८ | पीपलचौर सा.सं | सिस्ने ७ | ५८/०७२/०७३/७५५/१ | ४,३९,५६०.०० | ३,५३,२४८.०० |
| २९ | माझगाउँ सा.स | आठवीसडाँडागाउँ | ५८/१४२/०६४/०६५/१ | ३,७१,६००.०० | २,६१,४३०.०० |
| ३० | गौरवशाली सा.स | आठविसडाँडागाउँ ७ | ५८/११९/०६४/०६५/१ | ४,७४,२००.०० | ३,३३,२५०.०० |
| ३१ | काप्रा सा.सं | झुला ५ | ५८/१०७/०६४/०६५/२ | २,१२,१००.०० | १,५०,४३०.०० |
| ३२ | गारावाङ सा.सं | झुला ७ | ५८/६५/०६३/०६४/१ | ३,६६,०००.०० | २,५८,१६०.०० |
| ३३ | थामदह सा.स | मोरावाङ ७ | ५८/०७२/०७३/७७८/१ | ६१८१९०.०० | ४,९५,५५०.०० |
| ३४ | श्री सिद्ध सा.सं | मोरावाङ १,२,३ | ५८/०७२/०७३/७७९/१ | ५,०२,९५०.०० | ३,८२,९५०.०० |
| ३५ | पुरणढाँका सा.सं | पोखरा ५ | ५८/०७१/०७२/५९९/१ | ४,६२,८००.०० | ३,६९,७४०.०० |
| ३६ | चैतेखोला सा.सं | पोखरा ५ | ५८/०७१/०७२/६०५/१ | ५,०६,९००.०० | ४,०५,०२०.०० |
| ३७ | जुनेली सा.स | पोखरा ८ | ५८/०७१/०७२/६०१/१ | २,६७,५००.०० | २,१३,५००.०० |
| ३८ | चौतारा सा.सं | पोखरा ६ | ५८/०७२/०७३/७६३/१ | ३,९७,९००.०० | ३,१७,६५०.०० |
| ३९ | लालिगुँरास सा.सं | पिपल ३ | ५८/०७१/०७२/६०३/१ | २,९०,०००.०० | २,३१,५००.०० |
| ४० | भलाचौर सा.स | पिपल ९ | ५८/०७२/०७३/७६२/१ | ३,१८,८००.०० | २,५४,२७०.०० |
| ४१ | लकर सा.स | रुघाँ ८ | ५८/०७१/०७२/७४०/१ | ५,५२,८००.०० | ४,४२,२४०.०० |
| ४२ | पटयांग्री सा.सं | रुघाँ १ | ५८/०७२/०७३/७५२/१ | ४६१०००.०० | ३,६८,८००.०० |
| ४३ | सिस्नेरी सा.सं | रुघाँ ४ | ५८/०७१/०७२/७४४/१ | ७,३५,५००.०० | ५,८८,४००.०० |
| ४४ | सचेतना सा.सं | कोल ९ रुकुम | ५८/०७२/०७३/७८५/१ | २,३२,३७०.०० | १,८३,३९०.०० |
| ४५ | मेलमिलाप सा.सं | कोल १-५ | ५८/०७१/०७२/७०७/१ | २,२०,४७०.०० | १,७८,०५६.०० |
| ४६ | शक्ति सा.सं | कोल ८,९ | ५८/०७२/०७३/७८७/१ | ३,९०,७००.०० | ३,०८,५४०.०० |
| ४७ | समाजसेवा सा.सं | कोल १,२,३ | ५८/०७२/०७३/७९२/१ | ३,९३,२८०.०० | ३,१०,४००.०० |
| ४८ | हरियाली सा.सं | कोल ७ | ५८/०७२/०७३/७८६/१ | ३,५४,७४०.०० | २,७९,७८०.०० |
| ४९ | सिलिङे सा.सं | खोलागाउँ ९ | ५८/०७२/०७३/७९२/१ | ६,८२,९५०.०० | ५,४७,३५०.०० |
| ५० | सल्लेरी सां.सं | खोलागाउँ ५ | ५८/०७२/०७३/७७६/१ | ३,९१,२७५.०० | ३,१०,४३१.०० |
| ५१ | जुनतारा सा.सं | तकसेरा १ | ५८/०७२/०७३/७८९/१ | ३,५८,३८०.०० | २,८६,७०४.०० |
| ५२ | छान्वा सा.सं | तक्सेरा ८ | ५८/०६७/०६८/४८९/१ | ३,९५,१६०.०० | ३,१६,१२८.०० |
| ५३ | गाउँवस्ती सा.स | साँख ६ | ५८/०७२/०७३/७६४/१ | ३,६२,०००.०० | २,८८,८९०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | नवरखोला सा.सं | हुकाम १,२,३ | ५८/०७२/०७३/७५०/१ | ५,१५,०००.०० | ४,१२,०००.०० |
| ५५ | दहकाँडा सा.स | स्यालाखदी ७ | ५८/०७२/०७३/७८२/१ | ४,९३,४००.०० | ३,४५,३८०.०० |
| ५६ | सालवारी सा.सं | आठवीसकोट २ | ५८/१४६/०६४/०६५/१ | ३,०२,३००.०० | २,१२,९२०.०० |
| ५७ | जनजागरण सा.सं | काँकी ९ | ५८/०७२/०७३/७८८/१ | २,५७,६००.०० | २,०५,४८०.०० |
| ५८ | सितलचौतारी सा.सं | घेत्मा ४ | ५८/१५८/०६४/०६५/२ | ४,७९,२००.०० | ३,३७,१५०.०० |
| | **जम्मा** | | | | **१,९५,५०,९२१.४०** |

**अनुसूचि २ आ.व २०७२/०७३ मा सम्झौता भई प्रथम किस्ता प्राप्त गरेका भौतिकपूर्वाधार योजनाहरुको विवरण**

| क्र.सं | उप परियोजनाको नाम | योजना संचालन गर्ने सामुदायिक संस्थाको नाम | ठेगाना | जम्मा सम्झौता रकम | प्रथम किस्ता निकासा रकम |
|---|---|---|---|---|---|
| १ | कालाखोला इपोल जलविद्युत योजना | सिमलचौर, जनहित र लालकिरण सामुदायिक संस्था | आठविसडाँडागाउँ-९, रुकुम | ३१,९३,७०० | २२,३५,५९० |
| २ | खाराखारा इपोल जलविद्युत योजना | पिपल, ठाटीपोखरी र हरियाली सामुदायिक संस्था | आठविसकोट रुकुम | २५,२०,००० | १७,६४,००० |
| ३ | च्याङचुङ खानेपानी योजना | सुन्दरवस्ती सा.सं | चुनवाङ ५ रुकुम | ९,५७,५३७ | ५,७४,५२२ |
| | **जम्मा** | | | **६६,७१,२३७** | **४५,७४,११२** |

**अनुसूचि ३ आयआर्जन तर्फ आ.व २०७२/०७३ मा दोस्रो किस्ता प्राप्त गर्ने सा.सको विवरण**

| | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं** | **सामुदायिक संस्थाको नाम** | **ठेगाना** | **जम्मा सम्झौता रकम** | **दोस्रो किस्ता निकासा रकम** | **कैफियत** |
| १ | कोटडेरा सा.सं | रम्मामैकोट १,रुकुम | ३,७८,०००.०० | १,०२,६५७.०० | |
| २ | जनचेतना सा.सं | जाङ १, रुकुम | ५,०४,०००.०० | १,५१,२००.०० | |
| ३ | हरियाली सा.सं | जाङ १, रुकुम | ४,५३,६००.०० | १,३६,०८०.०० | |
| ४ | थानवारा सा.सं | गरायला ५ खादाकाडेरा | ३१८९८० | ६२१८६ | |
| ५ | ऋषीमान सा.सं | गरायला ९ राम्री | ३३४७२० | ६५१७४ | |
| ६ | बेल्टापु सा.सं | गरायला १ झानचौर | ४७७४२० | ९२७१४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | मौराखारा सा.सं | गरायला९, राम्री | ४४८८२० | ८७६७४ | |
| ८ | शान्ती सा.सं | गरायला | ४७३५०० | ३९६८६८.०८ | |
| ९ | जनशक्ति सा.सं | गरायला | ४७९९७० | ३८४९७८.०८ | |
| १० | लालकिरण सा.सं | छिवाङ ७ सितापोखरी | ३३४७२० | ७३८४६.२ | |
| ११ | पुष्पाञ्जली सा.सं | छिवाङ २ काउलेचौर | १९९३८५ | ३८६६७ | |
| १२ | नयापाइँला सा.सं | छिवाङ ८ टाकुरी | ३७७९६४ | ७३४६२.८ | |
| १३ | विशाल सा.सं | दुली ४ सल्यावस्ती | ३२८३२० | ६३७३४ | |
| १४ | सिस्ने सा.सं | छिवाङ | २३३३२० | २५७०१२ | |
| १५ | सुर्यदय सा.सं | दुली ५दाङभेदखोर सल्यावस्ती | ३४०२३७ | ६६२३७ | |
| १६ | एकिकृत सा.सं | दुली १/२ बल्लेवास | २९३९६७ | ५६८६३ | |
| १७ | लेकवेसी सा.सं | दुली १ माथीचौर | २३९४२४ | ४६१९४ | |
| १८ | सुन्दरवस्ती सा.सं | दुली ३ किलुगैटे | ३१०८२० | ६०६७४ | |
| १९ | नवचेतना सा.सं | दुली | ६२००२९ | ४९७००३.२० | |
| २० | सिस्ने सा.सं | खलंगा ३,सेरीगाउँ | ३२००१५ | ४५३३४ | |
| २१ | चेतना सा.सं | खलंगा ५ चेरा | २४६१२० | ४७८५४ | |
| २२ | धुपीवोट सा.सं | खलंगा २ सल्ले | २६५२२० | ५१०५१ | |
| २३ | रुजीखोला सा.सं | कोल | २३३१९९ | ५६४५४ | |
| २४ | धौलागिरी सा.सं | कोल | २९३६९६ | ७०६७४ | |
| २५ | रुप्पालाम्पाटा सा.सं | काकी | २११०७२ | ४८७१४ | |
| २६ | विजय सा.सं | कोल | ३२३२५६ | ७८४१४ | |
| | **जम्मा** | | | **३१,११,६९८.००** | |